आजमिति २०७६।१२।१२ गते बुधबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादवज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | [signature] |
| २ | श्री सिमल साह | उप प्रमुख | [signature] |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | [signature] |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | हनुमान |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | [signature] |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | [signature] |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | [signature] |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | [signature] |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | दलीप |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | [signature] |
| ११ | श्री जगरीत सहनी | सदस्य | [signature] |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | [signature] |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | जनक मंडल |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | रुपा= |
| १५ | श्री बविता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | गायत्री |
| १७ | श्री रुनिया देवीबनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | Nutan Kumari |
| १९ | श्री प्रभिला देवी | सदस्य | प्रमिला |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | [signature] |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र कोरोना भाईरसको संक्रमणबाट बच्न तथा रोकथामका लागि नगरभरी वितरण गर्ने प्रयोजनका लागि आवश्यक सामाग्री तथा औजार जस्तै मास्क, स्यानीटाईजर, साबुन, किटनाशक औषधी तथा स्वास्थ्यकर्मीहरुका लागि Personal Protection Equipments (PPE)का साथै क्वारेन्टाईन निर्माण तथा व्यवस्थापनका लागि आवश्यक सम्पूर्ण सामाग्रीहरु छोटो भन्दा छोटो खरिद बिधि ( टुक्रा खरिद/दररेट माग गरी) अवलम्बन गरी छिटो भन्दा छिटो व्यवस्थापन (खरिद) गर्ने व्यवस्था मिलाउनका लागि यस नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृत तथा लेखापाललाई आदेश दिने निर्णय गरियो ।

निर्णय नं. २ :

यस नगरपालिकाको कार्यालय तथा मातहतका कार्यालय/संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई आवागमन निषेध (लकडाउन) अवधिभरका लागि तलबमानको ५०% (पचास प्रतिशत) बराबर प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र आवागमन निषेध (लकडाउन) अवधिमा नेपाल बाहिरका मुलुकहरुबाट आएका व्यक्तिहरु अनिवार्य रुपमा १४ (चौध) दिनको क्वारेन्टाईन (Quarantine) मा रहनुपर्ने तथा सम्बन्धित व्यक्ति यस नगरपालिका क्षेत्रभित्र तयार क्वारेन्टाईन (Quarantine)मा नगएमा वा कसैले लुकाई छिपाई राखेको पाईएमा सम्बन्धित व्यक्ति वा परिवारलाई रु. २५,०००।०० (अक्षरेपी रुपैयाँ पच्चिस हजार मात्र) जरीवाना गराउने निर्णय गरियो ।

निर्णय नं. ४ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र आवागमन निषेध (लकडाउन) अवधिमा आम सर्वसाधारण तथा व्यापारीहरुलाई विभिन्न खाद्य सामाग्रीहरु, विशेष गरी हरीयो सागसब्जी तथा तरकारी किनबेच गर्नुपर्ने भएको हुँदा प्रत्येक वडामा बस्ती भन्दा टाढा रहेको कुनै एक स्थानमा बिहान ६ बजेदेखि ८ बजेसम्म तथा बेलुकी ६ बजेदेखि ७ बजेसम्म भिडभाड नहुने गरी तथा सामाजीक दुरी कायम राखि मास्क तथा स्यानीटाईजरको प्रयोग गरी खाद्य सामाग्रीहरु बिक्री वितरण गर्न सुरक्षाकर्मी तथा मान्यता प्राप्त राजनीतीक दलका प्रतिनिधिहरुको सहयोग लिई व्यवस्थापन गर्नका लागि सबै वडा अध्यक्षहरुलाई निर्देशन दिने निर्णय गरियो ।

Scanned with CamScanner